नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ४८ २०७८ साल भदौं २५ गते शुक्रबार (10 Sep. 2021 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल सरकारलाई ... ३ पृष्ठमा : ऋृण चुक्ता गरे पनि ... ३ पृष्ठमा : तालिवानको कब्जा पछि ...

# स्थानिय तहबाट सार्वजनिक गरिने सुचना सहजरूपमा उपलब्ध गराउने प्रजिअ गौतमको प्रतिबद्धता

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले स्थानिय तहबाट सार्वजनिक गरिने सुचना सहज रूपमा संचारकर्मीलाई उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

बिहीवार जिल्ला प्रशासन कार्यालय सप्तरीको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा प्रजिअ गौतमले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

प्रजिअ गौतमले जिल्लाको शान्ति सुरक्षा सँगै सुशासन कायम गराउनुदेखी स्थानिय तहमा भईरहेको बिकासिय गतिबिधिप्रति प्रतिबद्धता भन्दा पनि जिल्लाको समग्र बिकासलाई परिणाममुखी बनाउने बताए ।

उनले सुचना प्रभाव गर्न स्थानिय तहका प्रमुखसँग समन्वय गरेर सुचनालाई सहज बनाउने



प्रतिबद्धता व्यक्त गरे ।

संचारकर्मिको सुझावमा प्रहरी र जनता बिचको दुरी बढ्दै गएको जिज्ञासामा प्रजिअ गौतमले यस बिषयलाई गम्भिरतापूर्वक लिएको भन्दै चाडै सुरक्षा निकायसँग छलफल गरेर सहज बनाउने जिकिर गरे ।

बजारमा कृतिम अभाव भएको बारेमा प्रजिअ गौतमले दशै अगाडि नै बजार अनुगमन गरि खाध बस्तुको कृतिम अभाव हुन नदिन निगरानी गर्ने बताए । कोभिडको अबस्थालाई नजर अन्दाज नगरी नियन्त्रण गर्न तर्फ सबै लाग्नुपर्नेमा उनको भनाई छ ।

नगरको बाटोघाटो निर्माणमा ढिलाई बारेमा स्थानिय तह र राजनीतिक दल, स्थानिय तह सँग समन्बय गरेर अगाडी बढने जानकारी दिए ।

सोही कार्यक्रममा उनले जिल्लाको बिकासको सवालमा कठोर रूपमा प्रस्तुत भएमात्र जिल्लाको परिवर्तन हुने बताए ।

सो अवसरमा संचारकर्मिहरूले जिल्लाको सरकारी कार्यालयमा बिचोलियालाई निरूसाहित गरि सेवाग्राहीहरूले सेवा सहज बनाउन आग्रह गरे ।

सो अवसरमा नेपाल पत्रकार महासंघ सप्तरी अध्यक्ष श्रवण कुमार देव, केन्द्रिय सदस्य ललिता साह, पुर्व सदस्य अबधेश झा, पुर्व अध्यक्ष बैधनाथ झा, धिरेन्द्र साह, प्रदेश सचिव भोला पासवान, सहसचिव चन्दन कुमार यादब, संजिव बिक्रम साह, शुभचन्द्र झा, ओमप्रकाश साह, सुखराम यादबलगायत दर्जनौ संचारकर्मिहरूको उपस्थिति रहेको थियो ।

# गाइगोठमा आगलागि हुँदा दुई गोरुगाडासहित दुई गाई जले

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

सप्तरीको कंचनरुप नगरपालिकास्थित बदगामामा बिहीबार एउटा गाइगोठमा आगलागी हुँदा दुई गोरुगाडासहित दुई गाई जलेर मरेका छन् ।

कंचनरुप नगरपालिका वडा नं. १० बदगामामा निवासी बौवालाल खड्गा यादवको एउटा गाईगोठ समेत जलेर नष्ट भएको छ ।

घरमा बालेको घुरबाट सल्केको आगोले गाईगोठ जल्नुको साथै सो गोठमा रहेको दुई वटा गाई जलेर मरेका छ भने एउटा पाडो जलेर घाइते भएको छ ।

यस्तै गोठमा राखिएको दुई वटा गोरुगाडा जलेको छ र एक मन धानसहित करिब ५ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगोलाई स्थानियबासी र प्रहरीले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

# करेन्ट लागेर एक बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ३ सकरपुरामा बिहीबार साँझ करेन्ट लागेर एक बालकको ज्यान गएको छ ।

स्थानिय बिनोद ठाकुरको ११ बर्षीय छोरा चन्दन ठाकुरको करेन्ट लागेर मुत्यु भएको प्रहरीले जनाएको छ ।

टिभि हेर्ने डिस होमको रिसिभरलाई सफा गर्ने क्रममा करेन्ट लाग्दा उनको घटनास्थालमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नाचगान गर्दै मनाइयो तीज





**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

हरितालिका तीजको अवसरमा पतिको दिर्घायुको कामनासहित राजबिराजमा बिहीबार महिलाहरुले नाचगान गर्दै विशेष रुपले मनाएका छन् ।

राजबिराजस्थित शिवमन्दिरको प्राङ्गणमा संचारकर्मी पुनम पोखरेलको अध्यक्षतामा तथा भगवती मन्दिरको परिसरमा राजबिराज नगरपालिकाले तीज महोत्सवको आयोजना गरेको थियो ।

विगतका वर्षहरुमा तीजका वेलामा शिवालयहरूमा पूजा गर्न जाने महिलाको निकै भिड लाग्ने

***बाँकी तीन पृष्ठमा***

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ।**




**अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ। कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ।**

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भर्ना खुल्यो। भर्ना खूल्यो॥ भर्ना खुल्यो॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# नेपाल सरकारलाई एमसीसीको जवाफ- कुनै सैन्य रणनीति होइन

काठमाडौँ, २४ भदौ (रासस)।

अमेरिकी सहयोग परियोजना (एमसीसी) ले यस आयोजनामा कुनै सैन्य गठबन्धनको कुरा नरहेको स्पष्ट गरेको छ।

नेपाल सरकारले हालै सो परियोजनालाई सोधेका सबै प्रश्नको जवाफ दिँदै एमसीसीको 'डिपार्टमेन्ट अफ कम्प्याक्ट अपरेसन्स्' की उपाध्यक्ष फातेमा जे सुमारले अर्थमन्त्री जनार्दन शर्मालाई सम्बोधन गरेर सो जवाफ दिनुभएको हो।

उहाँले मन्त्री शर्मालाई पत्र लेख्दै एमसीसीभित्र कुनै लुकेको एजेन्डा नभएको स्पष्ट गर्दै यसबारेमा नेपालमा गलत हल्ला मात्र फैलाइएको बताउनुभएको छ।

उक्त परियोजनाले नेपाल सरकारलाई पठाएको जवाफमा नेपाललाई गर्न लागेको सहयोग सैन्य क्षेत्रसँग सम्बन्धित नभएको स्पष्ट गरेको हो। साथै बिनाअवरोध निर्धारित समयमा कार्यान्वयन होस् भनेर संसदबाट पारित गर्ने व्यवस्था राखिएको र एमसिसी सम्झौताभन्दा नेपालको संविधान माथि रहेको बताइएको छ।

त्यसैगरी उक्त परियोजनाका लागि प्रयोग हुने जग्गामा पनि नेपाल सरकारको स्वामित्व कायम हुने उक्त पत्रमार्फत् स्पष्ट गरिएको छ। केही दिनमात्र अघि नेपालले सोधेका प्रश्नको जवाफ दिँदै पत्रमा एमसीसी नेपालमा प्रचार भएजस्तो हिन्द प्रशान्त रणनीति रणनीतिअन्तर्गत नभएको पनि उल्लेख गरिएको छ।

सो जवाफमा भनिएको छ- 'एमसिसी कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता होइन। एमसीसी कम्प्याक्टहरू एमसीसी र साझेदार सरकारबीचका सम्झौता हुन्। अमेरिका र नेपालबीचको सम्बन्ध हिन्द-प्रशान्त रणनीतिभन्दा धेरै अघिदेखिको हो।'

एमसीसीले पठाएको उक्त जवाफमा यस सम्झौता नेपालको संविधानभन्दा माथि नरहेको र सहयोग लिने विषयमा नेपाल स्वतन्त्र रहेको पनि स्पष्ट गरिएको छ।

नेपाल सरकारलाई पठाइएको सो जवाफमा एमसीसीले भनेको छ 'नेपालको संविधान एमसीसी नेपाल कम्प्याक्टभन्दा माथि छ। सबै एमसीसी साझेदार देशहरुसँग सम्पन्न भएका एमसीसी कम्पयाक्ट अन्तराष्ट्रिय कानुनका सिद्धान्तहरुद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्झौताहरु हुन्।'

जवाफमा एमसीसीलाई लागू हुने अमेरिकी कानुनले कुनै पनि सैन्य प्रयोजनका निम्ति अनुदान कोषको प्रयोग गर्नबाट एमसीसीलाई निषेध गरेको उल्लेख छ। यो कानुनी बन्देजका बारेमा पनि कम्प्याक्ट स्पष्ट रहेको र यस कम्प्याक्ट र कुनै सैन्य गठबन्धन वा सुरक्षा रणनीतिका बीचमा कुनै पनि सम्बन्ध नरहेको पनि सो पत्रमार्फत् स्पष्ट गरिएको छ।

त्यसैगरी नेपाल सरकारलाई पठाइएको सो पत्रमा कम्प्याक्टका लागि योग्य ठहर्याई साझेदार चयन गर्ने एमसीसीको प्रक्रिया वैधानिक रूपमा निर्धारित मापदण्डहरूमा आधारित भएको दाबी पनि एमसीसीले गरेको छ।

सो पत्रमा भनिएको छ- 'यसमा सैन्य पक्ष समावेश हुँदैन। एमसीसीको सञ्चालक समितिबाट कुनै पनि देश छनौटका लागि योग्य हुन विश्व बैंकद्वारा न्यून आय वा न्यून-मध्यम आय भएको देशका रूपमा वर्गीकृत भएको हुनुपर्छ र न्यायसंगत र लोकतान्त्रिक शासन, आर्थिक स्वतन्त्रतामा आधारित एमसीसीको वार्षिक सूचकाङ्कको स्कोर कार्डमा उत्तीर्ण हुनुपर्दछ।'

# अन्तरदेशीय पेट्रोलियम पाइपलाइन : दुई वर्षमा तीन अर्ब बचत

काठमाडौँ, २४ भदौ (रासस)।

नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको दुई वर्ष पूरा भएको छ। नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसनको सहयोगमा भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्मको ७९ किलोमिटर पाइपलाइन निर्माण गरेर २०७६ भदौदेखि पाइपलाइनबाट पेट्रोलियम पदार्थ भित्र्याउन सुरु गरेको हो।

दुई वर्षको अवधिमा पाइपलाइनबाट एक अर्ब ६१ करोड लिटर डिजेल आयात गरिएको छ। आर्थिक वर्ष २०७६/७७ मा ४८ करोड ८५ लाख लिटर, आव २०७७/७८ मा एक अर्ब ३१ तथा चालू आवको हालसम्ममा १२ करोड ४४ लाख डिजेल आयात भएको निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिनुभयो। निगमले सोही पाइपलाइनबाट दैनिक एक लाख ५० हजार किलोलिटर डिजेल आयात गर्दै आएको छ।

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्न थालेपछि ढुवानीबापत रु तीन अर्ब २३ करोड २२ लाख १६ हजार बचत भएको पौडेलले बताउनुभयो। पेट्रोलियम पदार्थको ढुवानी भाडा र प्राविधिक नोक्सानी कम हुँदा निगमले सो बराबरको बचत गर्न सकेको उहाँ बताउनुहुन्छ। परियोजना सञ्चालनमा आएपछि उपभोक्तामा पेट्रोलियम पदार्थ अभाव हुँदैन भन्ने अनुभूति भएको, ढुवानीकर्ताले खेप्नुपर्ने सास्ती हटेको र परियोजना समयमा सम्पन्न गरेर जी-टू-जी मोडलको सफल परियोजनाको रूपमा एउटा उदाहरण बन्न सफल भएको छ। अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजनाले निगमको प्राविधिक रुपान्तरणको प्रतिनिधित्व गरेको पौडेलको भनाइ छ।

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय

# मौसम परिवर्तनसँगै रोग पनि बढ्दै, ध्यान दिनु आवश्यक

हाल दिनैपिच्छै मौसम परिर्वन भइरहेको छ। केही बेरमै पानी त केही बेरमै चर्को घाम लाग्ने गरेको छ। जसकारण मानिसहरु बिरामी भइरहेका छन्। एक त कोरोना महामारीको त्रास कायमै रहेको बेला यसरी बिरामी हुनुमा अर्कै डरत्रास सृजना हुने गरेको छ। यसरी मौसम परिवर्तनसँगै मानिसको स्वास्थ्यमा प्रभाव पर्दा बिभिन्न किसिमका रोगहरु लाग्ने गर्दछ। जस्तै झाडापखाला, ज्वरो, रुघाखोकी, शरीर दुख्ने जस्ता रोगहरु लागिरहेको छ। व्यक्तिहरुले यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्र रुप लिएर जटिल समस्या निम्त्याउँछ। जसले गर्दा आर्थिक भार मात्र खेप्नुपर्दैन व्यक्तिहरुको ज्यान समेत जान सक्ने भएकाले मौसम परिवर्तन भइरहेको समयमा चनाखो हुनु जरुरी छ।

पृथ्वीमा बिभिन्न समयमा बिभिन्न किसिमका मौसमहरु आउँछ। मुख्यगरी गर्मी, बर्षा र जाडोको मौसमकाबीच मानवसहितका सजिव प्राणीहरु जीवनयापन गर्ने गर्छन्। गर्मीबाट बर्षाको मौसम आउँदा बढी मात्रामा झाडापखालाको प्रकोप देखापर्छ। बर्षापछि आएको गर्मी परिवर्तन भएर जाडो आउन थालेपछि रुघाखोकी, ज्वरोसहितका सामान्य लक्षणहरु व्यक्तिमा देखापर्छन्। यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए निमोनिया, कोल्ड डायरिया सहितका ठूला रोगहरु लाग्न सक्छन्। यो रोगहरु बालबालिका र बृद्धबृद्धामा बढी लाग्छ।

खासगरी मानिसहरुले शरीर तथा घर आँगनको सरसफाईमा बढी ध्यान दिनुपर्छ। बालबालिका तथा बृद्धबृद्धालाई जाडोको समयमा न्यानो कपडा तथा तातो झोल पदार्थ प्रशस्त मात्रामा खानुपर्छ। यसबाहके ताजा खाना मात्र खानुपर्छ र उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ। तसर्थ मौसम परिवर्तन भइरहेको समयमा मानिसहरुले स्वास्थ्यप्रति बढी ध्यान दिनुपर्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# ऋण चुक्ता गरे पनि साहुले जग्गा फिर्ता नगर्दा...

**राजु विश्वकर्मा**
लहान, २४ भदौ (रासस)।

लिएको ऋणको साँवा र ब्याज चुक्ता गर्दासमेत साहुले दृष्टिबन्धकमा राखेको जग्गा फिर्ता नगर्दा सप्तरीको बोदे बर्साइन नगरपालिका-५ का मोहमद तैयबको परिवार चिन्तामा डुबेको छ।

घर खर्च चलाउन तैयबले २०७१ सालमा एक कठ्ठा आठ धुर जग्गा स्थानीय रामदेव साहको नाममा लिखत पास गरी रु ३८ लाख ७० हजार ऋण लिनुभएको थियो। तैयबले हालसम्म साहलाई साँबा ब्याजसहित रु ४५ लाख २० हजार बुझाइसक्नुभएको छ। बाँकी रकम चुक्ता गर्न आफू तयार भए पनि साहले जग्गा फिर्ता गर्न नमानेको उहाँ बताउनुहुन्छ। "मेरो पूरै परिवार मानसिक तनाबमा छ", तैयबले भन्नुभयो।

साहले तैयबको जग्गा फिर्ता गर्न विभिन्न बहाना बनाउँदै आउनुभएको छ। ऋणबापत लिएको रु ३८ लाख ७० हजारको हालसम्म साहले ब्याजसमेत गरेर रु ८१ लाख हिसाब भएको तैयबलाई सुनाउँदै आउनुभएको छ। आफ्नो जग्गा फिर्ता आउँछ कि आउँदैन भन्ने चिन्ता तैयबलाई परेको छ।

साहसँग धितोमा जग्गा राखेर २०७६ कात्तिकमा रु १२ लाख ऋण लिएका बोदे बर्साइन नगरपालिका-५ कै मदनलाल साह पनि एक वर्षमै ब्याजसहित रु २५ लाख तिर्नुपरेको पीडा सुनाउनुहुन्छ। घर खर्चका लागि १२ कठ्ठा १७ धुर जग्गा साहको नाममा दृष्टिबन्धक लिखत पास गरी रु १२ लाख ऋण लिएको उहाँले बताउनुभयो। "ऋण ब्याजसहित फिर्ता गरिसकेको छु, जग्गा फिर्ता गर्नुको साटो उल्टै साहले मेराविरुद्ध लेनदेनको मुद्दा हाल्नुभएको छ", मदनलालले भन्नुभयो। ब्याजसहित ऋण चुक्ता गरिसकेकाले जग्गा फिर्ताका लागि गत वर्षदेखि नै साहलाई आग्रह गर्दै आएको उहाँको भनाइ छ।

यस्तै रु १२ लाख ऋण लिएका सोही वडाका रामप्रसाद खत्वेको अवस्था पनि साहकै जस्तै छ। घर खर्चका लागि साहसँग लिएको ऋण एक वर्षअघि नै चुक्ता गरे पनि जग्गा फिर्ता नपाएको उहाँको गुनासो छ। सप्तरीको शम्भुनाथ नगरपालिका कठौनाका ललिता मण्डल पनि साहकै ऋणका कारण आफ्नो परिवार बिचल्लीमा पर्ने अवस्था आएको बताउनुहुन्छ। श्रीमान्‌लाई वैदेशिक रोजगारमा पठाउन १५ कठ्ठा जग्गा साहको नाममा लिखत पास गरी रु चार लाख ऋण लिएपनि हालसम्म ब्याजसहित रु २५ लाख फिर्ता गरिसकेको मण्डलले बताउनुभयो। "साहले जग्गा फिर्ता गर्न मान्नुभएको छैन", उहाँले भन्नुभयो, "उल्टै धम्की दिँदै आउनुभएको छ।"

सप्तरीको खड्क नगरपालिका-६ का छेदीलाल पासवानको पीडा पनि कहालीलाग्दो छ। उहाँले २०७३ सालमा चार कठ्ठा १९ धुर जग्गा साहको नाममा दृष्टिबन्धक पास गरी रु १६ लाख ऋण लिनुभएको थियो। पासवानले ब्याजसहित अहिलेसम्म रु ७६ लाख ६२ हजार तिरिसक्नुभएको छ। सप्तरीका ३० जनाभन्दा बढी साहको ऋणको भारी बोक्दै मानसिक तनाब झेल्दै आएका छन्।

सप्तरीको शम्भुनाथ नगरपालिका-१२ अर्नहाका ध्रुवनारायण साह, बोदे बर्साइन नगरपालिका-९ देउरीका वीरेन्द्र यादव, शम्भुनाथ नगरपालिका-३ का रमाकान्त चौधरी, खड्क नगरपालिका-८ का बच्चालाल साह, सुरुङ नगरपालिका-४ का सबुर चौधरी, रुपनी गाउँपालिकाका अरबिन्द साह, बोदे बर्साइन नगरपालिकाका मोहमद सौदागर, सतदेव पौदार, मोहमद सागर हुसैन, मोहमद असलमलगायतले साहबाट ऋण लिँदा दुःख पाएका छन्। ऋण चुक्ता गर्दा पनि साहले जग्गा फिर्ता नगर्दा घरबारबिहीन भएको पीडितको भनाइ छ। साहले आफूहरूको जग्गा फिर्ता नगरे कानुनी उपचार खोज्ने उनीहरूले बताएका छन्।

आरोपित साहले भने आफूले उनीहरूसँग रकम तिरेर जग्गा खरिद गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "मैले जग्गा किनेको हुँ, अहिले जग्गाको मूल्य बढ्केकाले लोभ लागेर उनीहरूले जग्गा फिर्ता मागिरहेका छन्।"

## *अन्तरदेशीय ...*

### पेट्रोल र मट्टितेल छिट्टै पाइपलाइनबाटै

पेट्रोल र मट्टितेल पनि एउटै पाइपलाइनबाट ल्याउन निगमले प्रक्रिया थालेको छ। यसका लागि निगमले भारतीय आयल कर्पोरेसनकै सहयोगमा प्रक्रिया अघि बढाइसकेको छ। अहिलेसम्म पाइपलाइनबाट डिजेल मात्रै आयात हुँदै आएको थियो।

निगमको प्रदेश नम्बर २ प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रदीपकुमार यादव अबको डेढ वर्षमा एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल आउन सुरु हुने बताउनुहुन्छ। परियोजना सम्पन्न भएपछि पेट्रोलियम पदार्थ लिन भारततर्फ पुग्न नपर्ने उहाँको विश्वास छ। यसबाट निगमले मासिक थप रु ११ करोड बचत गर्नसक्ने उहाँले जानकारी दिनुभयो।

सो परियोजनाका लागि भारतीय आयल कर्पोरेसनले अमलेखगञ्ज डिपोका प्राविधिकलाई तालिमसमेत प्रदान गरिसकेको छ। यादवको नेतृत्वमा प्राविधिक टोली गत हप्ता भारत गएको थियो। प्राविधिकको टोलीले डिजेल, पेट्रोल र मट्टितेललाई फरक फरक भण्डारण टङ्चाकीमा राख्ने सम्बन्धमा प्रत्यक्ष अवलोकन गरेको थियो।

## *नाचगान गर्दै ...*

गरेकोमा यस वर्ष भने कोरोना भाइरसको महामारीका कारण मन्दिरमा पहिलेको तुलनामा भीड कम देखिएको थियो।

तीज महोत्सवमा आयोजित साँस्कृति कार्यक्रममा पूर्व सासंद रन्जु ठाकुरले चाड पर्वको नाममा पछिलो समय पश्चिमी संस्कार भाबी भएको बताईन। उनले चाडपर्व, संस्कृति र पहिचानलाई जोगाउन मैथली समुदायको भावना र आस्था र बिश्वासको खाचो रहेको बताइन्।

यस्तै अर्को कार्यक्रममा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले बर्षौ देखि मैथली संस्कृति र आफ्नो मौलिक रूपमा मनाउदै गरेको तीज अहिले गाउघरदेखि सहरबजारका महिलाहरूले मनाउने तिजको शैली र व्यवहार फरक तथा मौलिकता समेत हराउँदै गएको बताईन।




# विश्व समाचार

## तालिवानको कब्जा पछि अफगानी जागिर र पैसाको भयमा

काबुल, २४ भदौ (रासस/एएफपी)।

काबुलको एक प्रमुख अस्पतालमा कार्यरत नर्स लतीफा अलिजादा उनको पाँच सदस्यीय परिवारमा एकमात्र रोजगार व्यक्ति हुन्। उनले घरखर्चका अतिरिक्त तीन छोरा र बेरोजगार पतिसमेतको हेरचाह गर्नुपर्ने दायित्व छ।

जब तालिबानले अफगानिस्तानमा कब्जा जमाए त्यसपछि उनी बेरोजगार भइन् र हाल भविष्यको चिन्तामा परेकी छिन्।

जब कट्टर इस्लामी समूहले तलब नदिने, अनुहार छोप्ने गरी घुम्टो लगाउँनुपर्ने र कामका सिलसिलामा पुरुष सहकमीसमेतबाट अलग हुनुपर्ने नियम थोपर्न थाले ती २७ वर्षीया युवती जागिर छोड्न बाध्य भइन्।

आफ्ना कलिला दुई बच्चाको हात समातेर दर्दनाक अवस्थामा उनले भनिन्, मैले तलब नपाएको हुनाले जागिर छोडेकी छु। "काबुलको एक सडक बजारमा एएफपीसँग कुरा गर्दै उनले भनिन्" मलाई लगाइरहेको पोशाक नलागाउन, पुरुषसँग काम नगर्न र महिलासँग मात्र काम गर्न आदेश दिन थालियो जुन चिकित्सा पेशामा सम्भव छैन त्यसपछि म जागिर छाड्न बाध्य भएँ।"

अलिजादा जस्तै अफगानिस्तानका अन्य महिला अब तालिबानको अधीनमा चल्ने शासनमा के हुन्छ भनेर चिन्तित छन्। अचेल अफगानिस्तानको बजारमा खाद्यान्नको मूल्य बढेको छ, इन्धनको लागत बढेको छ र रोजगारीका अबसरसमेत साँघुरिँदै गएका छन्। जटिलता थपिँदै गएका छन्।

यस विषयमा संयुक्त राष्ट्रसङ्घसमेतले चासो व्यक्त गर्दै भनेको छ, खाद्यान्न अभाव, उच्च मुद्रास्फिती र मुद्रामा गिरावटको डरले मानवीय आपतकालीन अवस्थातिर मुलुक अगाडि बढेको छ।

परिवर्तित राजनीतिक अवस्थाले गर्दा अब त्यहाँ धेरै सरकारी सेवा बन्द हुने अवस्थामा छन्। अन्तरराष्ट्रिय सहायता कटौती हुँदैछ र बाह्य सहयातामा निर्भर गतिविधि बन्द हुँदैछन् र महिला थप प्रताडित हुने अवस्थाको सृजना हुनसक्ने देखिन्छ।

## तालिवान सरकारलाई चीनले तीन करोड दश लाख अमेरिकी डलर दिने

वेइजिङ, २४ भदौ (रासस/एएनआई)।

चीनले अफगानिस्तानमा बनेको नयाँ तालिवान सरकारलाई समर्थन जनाएको छ।

विश्वका धेरै देशले तालिवान सरकारलाई समर्थन गर्न आनाकानी गरिरहेका बेला चीनले समर्थन गर्ने घोषणा गरेको हो।

चीनले तालिवान सरकारलाई समर्थन गर्दै तीन करोड १० लाख अमेरिकी डलर सहयोगसमेत गर्ने जनाएको छ।

चीनको विदेश मन्त्रालयले अफगानिस्तानको नयाँ सरकार इस्लामिक इमरेट्स अफ तालिवानलाई प्रारम्भीक सहयोग स्वरुप तीन करोड १० लाख अमेरिकी डलर सहयोग गर्ने निर्णय भएको जानकारी दिएको छ।

अफगानिस्तानमा तालिवान विद्रोहीले सत्ता कब्जा गरेको झण्डै तीन सातापछि केही दिन अगाडि अन्तरिम सरकार गठन भएको छ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता हुय चुनीनले छिमेकी मुलुकको हैसियतले अफगानिस्तानलाई सहयोग गर्नु चीनको कर्तव्य हुने बताउनुभयो

उहाँले यस सहयोगलाई अफगानिस्तानी जनतालाई दिइएको आपतकालिन सहयोगको रुपसमेतमा व्याख्या गर्नुभयो।

सहयोग अन्तर्गत चीनले खाद्य पदार्थ, पानीजन्य पदार्थ, खोप, औषधीजन्य पदार्थलगायत पनि रहने प्रवक्ता चुनीनले जानकारी दिनुभयो।

तालिवान विद्रोहीले सत्ता कब्जा गरेपछि तत्कालिन राष्ट्रपति अशरफ घानीले देश छाडेर भाग्नु भएको थियो भने उहाँको सरकारले हात उठाएको थियो।

घानी सरकारले हात उठाएपछि नयाँ सरकार गठन हुन नसकेको र नयाँ सरकार काम गर्न अन्यौलमा परेकोले दैनिक उपभोग्य वस्तुको व्यवस्थापनदेखि प्रशासनिक कामसमेतमा ठूलो समस्या देखिएको छ।

चिनियाँ विदेशमन्त्री वाङ यीले त अफगानिस्तानलाई पहिलो चरणमा ३० लाख खोप दिने घोषणा यसअघि नै गरिसक्नु भएको छ। तर खोप कहिले उपलब्ध हुन्छ भन्ने यकिन हुन भने बाँकी नै रहेको बताइएको छ।

## भारतमा दैनिक संक्रमितको संख्यामा फेरि वृद्धि

नयाँदिल्ली, २४ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको पाइएको छ।

भारतमा केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्यामा वृद्धि हुँदै आएपनि पछिल्ला केही दिनमा घटबढ हुने गरेको देखिएको छ।

सरकारी अधिकारीले बिहीबार विहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा थप ४३ हजार २६३ जना नयाँ सङ्क्रमित भएका छन्। जवकी अघिल्लो दिन दैनिक सङ्क्रमितको सङ्ख्या कम भएको थियो।

पछिल्लो एक दिनमा भारतमा कोरोनाभाइरसका कारण थप ३३८ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

एक दिनमा कुल मृत्यु भएका मध्ये १८१ जना केरला राज्यकै रहेको अधिकारीले बताएका छन्। त्यसैगरी केरलामा मात्रै एक दिनमा ३० हजार १९६ जना सङ्क्रमित भएका छन्।

भारतमा सक्रिय सङ्क्रमितको अवस्थामा भने कमी आएको देखिएको छ। केही दिन आगाडि चार लाखभन्दा बढी रहेको सक्रिय सङ्क्रमितको सङ्ख्या अहिले घटेको छ।

मन्त्रालयका अनुसार बिहीबार भारतमा तीन लाख ९३ हजार ६१४ जना कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेको तथ्याङ्क छ।

सोही अवधिमा भारतमा ४० हजार ५६७ जना कोरोनभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै समयमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्याभन्दा नयाँ थपिएका सङ्क्रमितको सङ्ख्या धेरै रहेको छ।

भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड २३ लाख चार हजार ६१८ रहेको मन्त्रालयले जनाएको छ।

# सञ्चारगृहहरुको समस्या समाधानकालागि अविलम्ब पहल गर्ने संचार मन्त्री साहको प्रतिबद्धता



**दैनिक समाचारदाता**
**जनकपुरधाम, २४ भदौ ।**

प्रदेश २ का आमसञ्चार प्राधिकरण अध्यक्ष श्यामसुन्दर यादवले मा सञ्चालित एफ.एम., टेलिभिजन लगायतका सञ्चारमाध्यमहरुको समस्या सम्बोधनका लागि विहीबार आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत प्रसाद साहलाई ध्यानाकर्षणपत्र बुझाएका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री साहले एफ.एम., टेलिभिजन लगायतका सञ्चारगृहहरुको समस्या समाधानकालागि अविलम्ब पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

अनुरोध सहितको उक्त पत्र बुझ्दै मन्त्री साहले आफु गम्भीर रुपमा लिएको बताउँदै तत्काल पहल गर्ने उनले प्रतिवद्धता व्यक्त गरे । विभिन्न राजनीतिक परिवर्तन एवम् समाजिक रुपान्तरणमा प्रदेशका सञ्चारकर्मी र सञ्चारकर्मीहरुले महत्वपूर्ण भूमिका निभाएको चर्चा गर्दै मन्त्रालयबाट अविलम्ब सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्राचार गर्न लगाउनुकासाथै सञ्चार सचिवसँग समेत कुरा गर्ने जानकारी गराए ।

कोभिड १९ महामारीको असहज अवस्था तथा कठोर परिस्थितिमा समेत प्रदेश २ का आमसञ्चारमाध्यमहरुले जनतालाई सुसूचित गर्ने कार्यमा तत्पर रहँदैआएको आएको प्राधिकरणका अध्यक्ष यादवद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

प्रदेश २ मा सामुदायिक रेडियो ४८ र निजी लगानीमा सञ्चालित रेडियो ४७ वटा रहेकोमा करिब एक दर्जन जति रेडियो विभिन्न आन्दोलनका क्रममा तथा आर्थिक मार धान्न नसकेर बन्द अवस्थामा रहेको भन्दै अगाडि भनिएको छ 'पर्याप्त विज्ञापन नपाउनु, आर्थिक कारोबार उत्साहजनक नहुनु, सरकारी तवरबाट सन्तोषजनक प्रोत्साहन नपाउनु जस्ता यावत समस्याका बीच एफ.एम.हरुले समयमा विद्युत महशुल तिर्न नसक्दा नेपाल विद्युत प्राधिकरणले सञ्चारमाध्यमहरुको कनेक्सन धमाधम काट्न थालेका छन् ।"

आवाज विहिनहरुको आवाज बनेका सञ्चारमाध्यमहरु बन्द हुने अवस्था अत्यन्तै दुर्भाग्यपूर्ण भएको भन्दै सञ्चारमाध्यमहरुमा आश्रित सञ्चारकर्मी एवम् जनशक्ति थप समस्यामा परेकोले सरोकारवालालाई गम्भीर बन्न प्राधिकरणले आग्रह गरेको छ ।

उपभोग गरेको महशुल नतिर्नुपर्ने ध्येय आफुहरुको नरहेको प्रष्ट्याउँदै अगाडि भनिएको छ 'सञ्चारगृहहरुले रहरले विद्युत महशुल समयमा नबुझाएको होइन, विभिन्न समयमा श्रृजित असहज परिस्थिति, कोभिड १९ को जोखिम सहितका अवस्थामा विज्ञापन तथा स्पोन्सर कार्यक्रमहरुमा कटौती हुनुले गर्दा समयमा महशुल बुझाउन नसकेको हाम्रो ठहर छ ।'

एफ.एम., टेलिभिजन लगायतका सञ्चारगृहहरुमा जडान गरिएको विद्युत लाइन काट्ने कार्य अविलम्ब स्थगन हुनुपर्ने, कोभिड १९ महामारी समेत विषम अवस्थालाई मनन् गरी कम्तिमा सो अवधीको विद्युत महशुल पूर्ण रुपमा मिनाहा हुनुपर्ने, तिर्न बाँकी रहेको सञ्चारगृहहरुको विद्युत महशुल किस्ता किस्तामा बुझाउने व्यवस्था गरी कम्तिमा ६ महिनाको समय सिमा दिईनुपर्ने प्राधिकरणका अध्यक्ष यादवद्वारा प्रेषित पत्रमा जनाईएको छ ।

लाइन काटिएका सञ्चारगृहहरुले तत्काल २५ प्रतिशत बुझाएमा अविलम्ब विद्युत सूचारु गरिनुपर्ने, एफ.एम. रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिका लगायतका आमसञ्चारमाध्यमले उपभोग गर्ने विद्युत महशुलमा विशेष छुट दिईनुपर्ने, प्रदेश २ मा सञ्चालित एफ.एम. तथा टेलिभिजनहरुको लाइसेन्स नविकरणमा विशेष छुट तथा जरिवाना मिनाहा गरिनुपर्ने र बढी विद्युत खपत हुने सञ्चारगृहहरुकालागि सरकारी अनुदानमा सोलार सिस्टमको व्यवस्था गर्न प्राधिकरणका अध्यक्ष यादवले कार्यान्वयन एवम् पहलकालागि आन्तरिक मामिला तथा सञ्चारमन्त्रीको ध्यानार्षण गराएका छन् ।

## एक हजार २ सय ७१ संक्रमित, १४ को निधन

काठमाडौं, २४ भदौं (रासस) ।

कोरोना भाइरसको संक्रमण बिहीबार एकै दिन एक हजार २ सय ७१ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार विगत २४ घण्टामा ११ हजार ९४४ जनामा परीक्षण गर्दा एक हजार २७१ जनामा संक्रमण देखिएको हो ।

नेपालमा संक्रमणको दर १९.४ प्रतिशत पुगेको । सक्रिय संक्रमित २८ हजार ६७८ जना रहेका छन् । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला १६ रहेका छन् । भई बिहीबार एक हजार ८४५ जना संक्रमणमुक्त भई घर फर्किएका छन् । अहिलेसम्म सात लाख ३५ हजार ६ जना संक्रमणमुक्त भई घर फर्किएका हुन् । नेपालमा संक्रमणमुक्त हुने दर ९४.९ प्रतिशत रहेको छ ।

संक्रमणबाट विगत २४ घण्टामा १४ जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ९०३ जनाको संक्रमणबाट ज्यान गएको छ । नेपालमा प्रति १० लाखमा ३६७.५ जनाको संक्रमणको कारणले निधन हुने गरेको छ । हाल चार सय ५८ जना सघन उपचार कक्ष, १३९ जना भेन्टिलेटर, २६ हजार ८८६ जना होमआइसोलेशन, एक हजार ७९२ जना संस्थागत आइसोलेशन र २६१ जना क्वारेन्टिनमा रहेका छन् ।

नेपालमा आज ९२ हजार १६९ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ५७ लाख २९ हजार ७८९ जनाले पहिलो मात्रा र ५१ लाख दुई हजार २४४ जनाले पूर्णमात्राको खोप लगाइसकेका छन ।





नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*